गोकुलगंगा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय,

रस्नालु, रामेछाप ।

आ.व. २०७९/८० को

# शाखागत वार्षिक प्रतिवेदन

CamScanner

न्यायिक समिति

अवधि : ०७९/०४/०१ देखी २०८० असार मसान्त

१.परिचय :नेपालको संविधान बोमोजिम स्थानिय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यन्वयन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ८मा न्यायिक कायसम्बन्धी व्यवस्था रहेको र सोही व्यवस्था कार्यन्वयन को लागी ३ सदस्य एक न्यायिक समिति रहने र न्यायिक समिति संचालन कार्यविधि निर्माण भएको हुदा• सोहि कार्यविधिमा उल्लेख भए अनुसार मेलमिलापको माध्यम बाट विवाद हरु सहज रुपमा समाधान हुने भएकाले प्रत्येक वडामा मेलमिलाप केन्द्र खडा गरी विवादको साटो मेलमिलापको बाटो लाई आत्मासाथ गरी न्यायिक समितिमा सुचिकृत गराई गोकुलगंगा गाउँपालिका मा विवाद समाधान गर्ने गरेको छ । यसै क्रममा सरल ,सहज ,पारदर्शी र विस्वासनिय रुपमा कार्य गर्न दक्षता हासिल गर्न ज्ञान ,सिप,क्षमता अभिवृद्धि को लागी मेलमिलापकर्ताहरु र न्यायिक समिति पदाधिकारी लाई तालिम संचालन आवश्यकता महशुस गरी यस न्यायिक समितिमा सुचिकृत ६ वटै वडाका मेलमिलापकर्ताहरु लाई र न्यायिक समिति पदाधिकारी नयाँ निर्वाचित हुनुभएकाले सो क्षमता अभिवृद्धि तालिम संचालन गर्नुपर्ने देखिन्छ ।

२.उद्धेश्य :

- :(क) न्यायिक समितिमा सुचिकृत मेलमिलापकर्ताहरु लाई विवादहरु समाधानको लागी अपडेट भएका कानुन को विषयमा जानकारी लिन ।
- (ख) न्यायिक समितिका नव निर्वाचित पदाधिकारीहरु र कर्मचारी को क्षमता विकास को लागी ।
- ग) विवाद हरु लाई मेलमिलापको माध्यम बाट समाधानको लागी प्रभावकारी भुमिका र विश्वासनियता **३.अपेक्षित प्रतिफल :**
- **मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि**
- **न्यायिक समितिको क्षेत्रधिकार को बारेमा समुदायमा जानकारी भएको**
- **विवादहरु न्युनिकरण भएको**
- **न्यायिक समितिले १३ वटा र मेलमिलाप केन्द्रबाट ४३ वटा विवाद हरु दर्ता भइ समाधान भएको ।**
- 

**४.सम्पादित क्रियाकलापहरु (सम्भव भएसम्म फोटो पनि राख्ने)**

- **वडा स्तर मा रहेका मेलमिलाप केन्दहरुको न्यायिक समितिद्धरा अनुगमन**
- **मेलमिलाप कर्ताहरुको बैठक संञ्चालन**
- **दर्ता हुन आएका विवादहरुलाइ प्रक्रियगत रुपमा सहजिकरण**
- **विवाद समाधानमा सहजिकरण**
- **सरोकारवालाहरुसगं कानुनी सचेतना कार्यक्रम गा.पा को सबै वडाहरुमा संचालन गरेको**
- **मेलमिलापकर्ताहरुको सुचिकृतको लागी सहजीकरण**
- **मेलमिलाप केन्द्र बाट आएका विवादहरुको दर्ता तथा अभिलेख गरेको**
- **मेलमिलापकर्ताहरु लाई विवाद निरुपण तथा बैठक खर्च निकासा गरी आवश्यक कगजात सहित वितरण गरेको**

CamScanner

- ➢ न्यायिक समितिको वार्षिक प्रतिवेदन तयार गरेको
- ➢ प्रदेश तथा संघमा पठाउने प्रतिवेदन तयार गरेको
- ➢ कार्यलयले लगाएको अन्य काममा सहजिकरण
- ➢ न्याथिक समितिको नियमित बैठक संचालनमा सहजिकरण

५.क्रियाकलाप संचालनको लागि खर्च भएको बजेटको सारांश :

आर्थिक वर्ष ०७९/८० को वार्षिक विनियोजित बजेट रु १०,००,००० (दश लाख ) अर्न्तगत निम्न उल्लेखित बजेट हरु कार्यन्वयन भएको छ ।

| क्र.स. | योजनाको नाम | कार्यक्रम /योजना रहने स्थान | विषयगत क्षेत्र | बजेट रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | कानुनी सचेतना कार्यक्रम | गो.गा.पा. का ६ वटा वडाहरुमा | सरोकारवाला व्यक्तिहरुको लागी | ३,१०,०००। | ७ दिन |
| २ | न्यायिक समिति बैठक खर्च | न्यायिक समिति पदाधिकारीहरु र कर्मचारी लाई | बैठक तथा खाजा खर्च | १,२०,०००। | २६ वटा १२ महिना को बैठक |
| ३ | मेलमिलापकर्ता हरु लाई बैठक तथा संञ्चार खर्च यातयात खर्च | ६ वटा वडा को मेलमिलाप केन्द्र सबै | मेलमिलापकर्ताहरु | १,७०,०००। | बैठक अनुसार( १ बैठक २ हजार)को दरले |
| ५ | प्रत्येक विवाद समाधान गरे वापत | गोकुलगंगा गाउँपालिका | न्यायिक समिति र मेलमिलापकर्ताहरु छ वटै वडाका (७००को दरले | ३०,१००। | १ विवाद ७०० को दरले ४३ वटा विवाद |
| | जम्मा | | | ६,३०,१००। | ६३.८१ % बजेट खर्च भएको । |

६.प्रमुख उपलब्धिहरु :

- ➢ दर्ताहुन आएका विवादहरु लाई प्राथमिकिकरण गरी समयमानै समाधान गरेको
- ➢ ६ वटै वडामा कानुनी सचेतना कार्यक्रम संचालन गरेको
- ➢ मेलमिलापकर्ताहरुको बैठक बसेको
- ➢ न्यायिक समितिको नियमित बैठक बसेको

७. समन्वय र सहकार्य :

- ➢ गोकुलगंगा गाउँपालिका का प्रमुख ,उपप्रमुख ,प्रशासन अधिकृत, वडाअध्यक्षज्युहरु
- ➢ वडकका सरोकारवालाहरु
- ➢ मेलमिलापकर्ताहरु
- ➢ प्रशिक्षकहरु

CamScanner

## ८.समस्या तथा चुनौतीहरु :

- आवश्यक अनुरुप का क्षमता अभिवृद्धि तालिमहरु संचालन हुन नसक्नु ।
- न्यायिक समिति को पुरा बजेट परिचालन हुन नसक्नु ।
- प्रतेक वर्ष कार्यक्रम बनाउदै क्यान्सील गर्दै गरेको
- मेलमिलापकर्ताहरु लाई समयमा दिनुपर्ने तालिम अहिलेसम्म नदिएको ।

## ९.समस्या समाधानका लागि गरिएका प्रयासहरु

- कार्यक्रमहरु बनाएतापनि स्वकृत हुन गारो भएकाले अहिलेसम्म तालिम हरु संचालन मा प्रमुख समस्या रहेको ।
- मेलमिलापकर्ताहरु आफै ज्ञान सिप क्षमता ले अहिलेसम्म काम गरिरहेको
- न्यायिक समिति पदाधिकारी ज्युहरुमा पनि कानुनी ज्ञाता मा कमी हुदा तालिम को आवशयक रहेको

## १०.सुझावहरु

- न्यायिक समिति र मेलमिलापकर्ताहरुको लागी तालिम अपरिहार्य रहेको
- मेलमिलापकर्ताहरु नयाँ उत्पादन गर्नुपर्ने

## ११.आगामी महिनाको कार्ययोजना

- मेलमिलापकर्ताहरुलाइ र न्यायिक समितिमा क्षमता अभिवृद्धि तालिमहरु संचालन
- मेलमिलाप केन्द्रमा फर्निचर को व्यवस्थापन
- अन्तरपालिका स्तर न्यायिक समिति  भ्रमण तथा अवलोकन ।

## १२.सफलताका कथाहरु

यस आर्थिक वर्ष मा न्यायिक समितिमा दर्ता हुन आएका विवादहरु मंध्ये हुन त सबै विवादहरु मिलापत्र गराँउदा सबैको सफलता नै हो ति मध्ये बाट पनि एक जोडी दम्पतिको मलाइ स्टोरी बनाउन मन लागेको छ । मिति २०८० साल जेठ महिनाको १७ गते १ जना अपरिचित बहिनि न्यायिक समितिको सचिवालयमा अर्थात मेरो कार्यकक्षमा आउनुभयो र मलाई सोध्नु भयो  मेम सम्बन्ध विच्छेदको लगी के गरनुपर्छ  ?मैले उसको सबै विवरण लिने प्रयास गरे र श्रीमा श्रीमती बिच विवाह भएको ३ महिना सम्म सम्बंन्ध राम्रो रहेको र त्यसपछि सासुबाट हुने व्यवहार बाट उसको चित्त नबुझेर माइत गइ बसेको भन्ने कुरा पछि मैले भने डिर्भोस नगरर्नुस यकपटक न्यायिक समितिमा निवेदन दिनुस छलफलको  लागी । उसको मनसाय नै डिर्भोस थियो म उ सगै बस्न चाहन्न, मैले धेरै सम्झाए पछि न्यायिक समितिमा निवेदन दिइन । प्रक्रिया अनुसार सो निवेदन को छलफल भयो त्यसमा दुबै जनाको कमीकमजोरी खासै देखिएन सासुको कारण देखियो र श्रीमान डिर्भोस नदिने पक्षमा रहेको श्रीमती सगै बस्न नचाहने हामिलाइ नि सहमतिमा ल्याउन धौ धौ परेको थियो उनिहरु बिच प्रेम विवाह भएको रहेछ ।न्यायिक समिति र माइति पक्षको पहलमा  निकै लामो छलफलमा विगत र भविष्य लाई स्मरण गराउदै सम्झाउदा केहि महिनाको लागी सम्बन्ध विच्छेद नगर्ने निर्ष्कषमा पुगे दुबै पक्ष र मिलापत्रको कागज गरीयो । केही समय सम्म न्यायिक समिति ले निगरानी गरियो अहिले दुबै जना समुधुर सम्बन्धमा रहेको कुरा जानकारीमा आएको छ । यो जोडी को नाम टिकामाया र सुरेश सुनुवार रहेको छ ।एक आपसमा सम्बन्ध विंच्छेदमा आएको जोडी पुन मिलन गरी सम्बन्ध सुधार भएको छ ।

CamScanner

स्वास्थ्य शाखा

## १.परिचय :

यस शाखा अन्तर्गत ६ वटा स्वास्थ्य चौकी, १ वटा सामुदायिक स्वास्थ्य ईकाइ तथा १ वटा आधारभुत अस्पताल रहेको छ । ६ वटै स्वास्थ्य चौकीहरुमा छैठौ तहको परामेडिक्स कर्मचारीहरु बाहेक दरबन्दी अनुसारको कर्मचारीहरु फुलफिल रहेको छ । सामुदायिक स्वास्थ्य ईकाइमा २ जना अ.हे.व.र १ जना अ.न.मी. स्टाफ रहेको छ । आधारभुत अस्पतालमा २ जना मेडिकल अधिकृत सहित २ जना हे.अ.,४ जना स्टाफनर्स, १ जना अ.हे.व.,१ जना अ.न.मी.,१ जना रेडियो ग्राफर,१ जना ल्याब टे.,१ जना फार्मेसी सहायक, १ जना ओप्थाल्मिक असिस्टेन्ट,१ जना रिसेप्सन्सिट र ६ जना कार्यालय सहयोगि करार कार्यरत छन । स्वास्थ्य शाखामा १ जना सि.अ.हे.व.अधिकृत तथा १ जना हे.अ. कार्यरत छन । यस शाखा अन्तर्गत जम्मा स्थायी कर्मचारी २७ जना,करार कर्मचारी ३५ जना र १ जना डोर हाजिरमा कार्यरत छन् । सबै स्वास्थ्य संस्थामा कम्प्यूटर तथा इन्टरनेटको सुबिधा छ । यस शाखा अन्तर्गत ६ वटा बर्थिङ सेन्टर र ४ वटा स्वास्थ्य संस्था मार्फत यू.एस.जी सेवा तथा सुरक्षित गर्भपतन सेवा उपलब्ध छ । यस शाखा मार्फत e-Reporting (DHIS) \e-LMIS service सुचारु छ । ३ नं.वडा स्वास्थ्य चौकी वाहेक सबै स्वास्थ्य संस्थाको आफनै भवन छ ।

## २.उद्धेश्य :

- स्वास्थ्यकर्मीहरु लाई पोषण सम्बन्धी बिषयहरुमा ज्ञान,सिप अभिबृद्धि गरी पोषण कार्यक्रम प्रभावकारीका साथ संचालन गर्ने ।
- संस्थागत सुत्केरी संख्या बृद्धि गराई मातृ मृत्यु तथा नवजात शिशु मृत्युमा कमी ल्याउने ।
- नवजात शिशु तथा बाल स्वास्थ्य सेवाको पहुँच तथा उपभोगमा बृद्धि गराउने साथै स्वास्थ्यकर्मीहरुको बिद्यमान ज्ञान र सिप अभिबृद्धि गर्ने ।
- परिवार नियोजनका अस्थायी साधनहरुको सेवा नियमित रुपमा प्रदान गर्ने साथै स्वास्थ्य संस्थाहरुमा किशोर किशोरी मैत्री स्वास्थ्य सेवा संचालन तथा बिस्तार गर्ने ।
- पूर्ण खोप वडा,स्थानिय तह घोषणा र दिगोपनाको अवस्थाको पहिचान घोषणा गर्ने ।
- स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिएका सेवाहरुको लेखा जोखा,प्रगतिको समिक्षा गर्ने तथा स्वास्थ्य सूचना व्यवस्थापनलाई सुदृढ र व्यवस्थित बनाउने ।
- नेपाल सरकारले वितरण गर्दै आईरहेको निशुल्क औषधिहरु सबै स्वास्थ्य संस्थाहरुमा समयमै आपुर्ति गर्ने ।

## ३.अपेक्षित प्रतिफल :

- पोषण सेवामा सुधार हुनुको साथै ५ बर्ष मुनिका बालबालिकाहरु,किशोरकिशोरीहरु गर्भवती तथा सुत्केरी आमाहरुको पोषण स्थिति सुधार हुनेछ ।
- संस्थागत सुत्केरी संख्या बृद्धि गराई मातृ मृत्यु तथा नवजात शिशु मृत्युमा कमी आउने । असुरक्षित गर्भपतन बाट हुने मातृ मृत्यु र रुग्णताको अवस्था न्यूनीकरण गरि महिलाको प्रजनन् स्वास्थ्य अधिकार सुनिश्चित हुने र आमा सुरक्षा कार्यक्रमको लागि समयमै निशुल्क रगत व्यवस्था हुने ।
- समुदायमा नवजात शिशु तथा बाल स्वास्थ्य सेवाको पहुँच तथा उपभोगमा बृद्धि हुनेछ । IMNCI सेवाको गुणस्तर तथा सेवाको अभिलेख प्रतिवेदनमा सुधार हुनेछ ।

CamScanner

- आधुनिक गर्भनिरोधक साधनको प्रयोग दरमा बृद्धि भई अपरिपुर्त मागमा कमि आउने साथै परिवार नियोजन सेवा किशोर किशोरीहरुको लागि मैत्री हुनेछ ।
- पूर्ण खोप सुनिश्चितता र दीगोपनाको निरन्तरता हुनेछ ।
- स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिएका सेवाहरुको अभिलेख DHIS-2 मा पूर्ण रुपमा प्रविष्टिको साथै व्यवस्थित भएको हुनेछ ।
- नेपाल सरकारले वितरण गर्दै आईरहेको निशुल्क औषधिहरु सबै स्वास्थ्य संस्थाहरुमा समयमै आपुर्ति भएको हुनेछ ।
- lmis द्वारा मासिक रुपले औषधि प्रदान गर्ने र system लाई पूर्ण रुपले संचालन गरेको हुनेछ ।

## ४.सम्पादित क्रियाकलापहरु (सम्भव भएसम्म फोटो पनि राख्ने)

- पोषण कार्यक्रम ।
- मातृ तथा नवशिशु कार्यक्रम ।
- IMNCI कार्यक्रम ।
- परिवार नियोजन किशोर किशारी तथा प्रजनन् स्वास्थ्य कार्यक्रम ।
- नियमित खोप सुदृढीकरण,पूर्ण खोप सुनिश्चितता दीगोपना कार्यक्रम ।
- आ.व.२०७९/०८० को बार्षिक समिक्षा कार्यक्रम ।
- औषधि खरिद ।
- VIA कार्यक्रम
- T.B. समिक्षा तथा गोष्ठी

## ५.क्रियाकलाप संचालनको लागि खर्च भएको बजेटको सारांश

## संघीय शसर्त

| क्र.स | क्रियाकलापहरुको नाम | विनियोजित रकम | खर्च रकम | बाकी रकम | खर्च प्रतिश |
|---|---|---|---|---|---|
| १ | स्थानीय तहका स्वास्थ्य चौकी,प्रा.स्वा.के.र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलब महंगी भत्ता,स्थानीय भत्ता,पोषाक लगायत प्रशासनिक खर्च समेत | २,२८,००,००० | २,२८,००,००० | ० | १०० |
| २ | राष्ट्रिय महिला स्वास्थ्य स्वयंमसेविका कार्यक्रम(पोशाक प्रोत्साहन,यातायात खर्च बार्षिक समिक्षा गोष्ठी र दिवस मनाउने खर्च समेत) | १७,००,००० | १७,००,००० | ० | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | पोषण कार्यक्रम | १०,४०,००० | १०,४०,००० | ० | १०० |
| ४ | पोषण संवेदनशील(खानेपानी तथा सरसफाइ,कृषि,पशुसेवा,महिला तथा बालबालिका,शिक्षा र शासकिय प्रबन्ध)क्षेत्रका कार्यक्रमहरु संचालन | १,५०,००० | १,५०,००० | ० | १०० |
| ५ | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | १३,८५,००० | १३,८५,००० | ० | १०० |
| ६ | कोभिड १९ लगायत विभिन्न महामारिज्न्य रोगहरुको रोकथाम,नियन्त्रण तथा निगरानीका लागि सरोकारवाला संगको अन्तरक्रिया तथास्वास्थ्यकर्मी परिचालन | २५,००० | २५,००० | ० | १०० |
| ७ | कोभिड १९विरुद्ध खोप अभियान तथा बुस्टर खोप समेतसंचालनव्यबस्थापन खर्च(पालिकास्तरिय योजना र पालिका तथा स्वास्थ्य सस्था स्तरीय सुपरिवेक्षण | १,९८,००० | १,९८,००० | ० | १०० |
| ८ | IMNCI(कार्यक्रम,समिक्षा,स्थलगत अनुशिक्षण,समता तथा पहुच कार्यक्रम | ५,००,००० | ५,००,००० | ० | १०० |
| ९ | आँखा,नाक,कान,घांटी तथा मुख स्वास्थ्य सम्बन्धि अभिमुखीकरण | ९०,००० | ० | ९०,००० | ० |
| १० | आकस्मिक अवस्थामा औषधि एवं ल्याब सामाग्री ढुवानी,रेकर्डीन तथा रिपोर्टिंगका लागि फर्म फर्मेट छपाई,ई.टि.बि र जिस्त्र्अध्यावधिक,बिस्व क्षयरोग दिवस सम्बन्धि कार्यक्रम,स्थलगत अनुशिक्षण तथा सुपरिवेक्षण,क्षयरोगका कार्यक्रमको अर्थ बार्षिक समीक्षा तथा कोहर्ट विश | ७९००० | ७९००० | ० | १०० |
| ११ | क्षयरोग जोखिम समुह तथा स्वस्थ सेवाको पहुच कम भएको समुदायमा सकृय क्षयरोग खोजपडताल कार्यक्रम घरपरिवारका स्द्श्यहरुको सम्पर्क परिक्षण,एवं,पाँच वर्ष मुनिका बालबालिकामा क्षयरोग रोकथाम सम्बन्धि टि.पी.टि.कार्यक्रम | १,२१,००० | ० | १,२१,००० | ० |

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | इपिदेमियोलोजिकल रिपोर्टिंग | २०,००० | ० | २०,००० | [illegible] |
| १३ | प्रजनन् रुगणता स्वास्थ्य सेवा | १००००० | १००००० | ० | [illegible] |
| १४ | मात्री तथा नवशिशु कार्यक्रम संचालन | १०,८०,००० | २,८०,००० | ८००००० | [illegible] |
| १५ | परिवार नियोजन किशोर किशोरी तथा प्रजनन स्वास्थ्य कार्यक्रम | २,४०,००० | २,४०,००० | ० | [illegible] |
| १६ | नियमित खोप सुदृढीकरण,पूर्ण खोप सुनिश्चितता दीगोपनाको लागि सुक्ष्म्योजना अध्यावधिक २ दिन र सरसफाई प्रबदर्न प्याकेज पुर्नताजगी तालिम न.पा.गा.पा सुनिशिच्ताको लागि स्थनीय तह वडा,खोप समन्वय समिति तथा नवनिवार्चित जनप्रतिनिधि | १,८२,००० | ८२,००० | १,००,००० | [illegible] |
| १७ | पालिका स्स्तरमा स्वास्थ्य संस्थाहरुको मासिक बैठक, स्वास्थ्य कार्यक्रमहरुको डाटा भेरिफिकेशन एवं गुणस्तर सुधार साथै अर्धबार्षिक एवं बार्षिक समिक्षा | १,५५,००० | १,५५,००० | ० | [illegible] |
| १८ | बिध्यालय स्वास्थ्य शिक्षा/आमा समूह तथा महिला स्वास्थ्य स्वयम् सेविकहरुका लागि सामाजिक ब्यबहार परिवर्तन कार्यक्रम | ७५००० | ० | ७५००० | ० |
| १९ | कोभिड १९ भ्याक्सिन्को डिजीटाइलेशन तथा क्यु आर कोड प्रमनिकरण | ८०,००० | ० | ८०,००० | ० |
| २० | INJ.OXYTOCIN भणडारणका लागि ILR REFRIGERATOR खरीद | ४,००,००० | ४,००,००० | ० | [illegible] |

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | मातृ तथा नव शिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा गर्भवती, र रक्त संचार उत्प्रेरणा सेवा न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम | १०,६०,००० | ६,००,००० | ४,६०,००० | ५६.६० |
| | कुल | ३,१४,८०,००० | २,९७,९४,००० | १६,८६,००० | ९४.६ |

## निशर्त बजेट (स्वास्थ्य तर्फ)

| क्र.सं. | क्रियाकलापहरुको नाम | बिनियोजित रकम | खर्च रकम | बाँकी रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | औषधि तथा सर्जिकल औजार उपकरण खरीद | ५०,००,०००।- | २९,००,०००।- | २१,००,०००।- | ५८ |
| २ | खोप सेवा संचालन यातायात खर्च | १,०८,०००।- | १,०८,०००।- | ० | १०० |
| ३ | भ्रमण तथा यातायात खर्च | २,००,०००।- | ० | २,००,०००।- | ० |
| ४ | गाउँघर क्लिनिक संचालन यातायात खर्च | ७२,०००।- | ७२,०००।- | ० | १०० |
| ५ | बर्थिङ सेन्टरमा रात्रीकालिन सेवा गरे वापतको भत्ता नर्सिङ स्ताफ | ३,१५,०००।- | ३,१५,०००। | ० | १०० |
| ६ | म.सा.स्वा.स्वयं से. संचार | १,७५,०००।- | १,७५,०००।- | ० | १०० |
| ७ | बिधुत महसुल तथा संचालन | २,००,०००।- | १,००,०००।- | १,००,०००।- | ५० |
| ८ | स्वास्थ्य संस्थाहरुलाई मसलन्द खर्च | १,००,०००।- | ० | १,००,०००।- | ० |
| ९ | अनुसुचि,फर्म फरमेट,फल्याक्स तथा टिकट आदि छपाई | १,५०,०००।- | ० | १,५०,०००।- | ० |
| १० | स्वास्थ्य शिविर संचालन | २,००,०००।- | ० | २,००,०००।- | ० |
| ११ | स्वास्थ्य बिमा सचेतना मुलक कार्यक्रम | १,००,०००।- | ० | १,००,०००।- | ० |
| १२ | स्वास्थ्यकर्मीहरुलाई क्षमता अभिबृद्धि तालिम | १,००,०००।- | ० | १,००,०००।- | ० |
| १३ | म.सा.स्वा.स्वयं से.हरुले मासिक प्रतिबेदन स्वास्थ्य संस्थामा पु-याए वापत यातायात खर्च | ४,२०,०००।- | ४,२०,०००।- | ० | १०० |
| १४ | स्वास्थ्य सामग्री ढुवानी खर्च | १,००,०००।- | ० | १,००,०००।- | ० |
| | कुल | ७२,४०,०००।- | ४०,९०,०००।- | ३१,५०,०००।- | ५६.४९ |

## प्रदेश शसर्त अनुदान (स्वास्थ्य तर्फ)

| क्र.सं. | क्रियाकलापहरुको नाम | बिनियोजित रकम | खर्च रकम | बाँकी रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १११ | स्थानीय तहमा पुर्वाधार भएका स्वास्थ्य संस्थामा १५ शैया सम्मको अस्पताल संचालन अनुदान (नयाँ तथा निरन्तरता) गोकुलगंगा गाउँपालिका रस्नालु हेल्थ पोष्ट | २५,००,०००। | २५,००,०००। | ० | १०० |
| २ | एक बिधालय एक नर्स कार्यक्रम संचालन ,निरन्तरता तथा बिस्तार | १५,०६,०००।- | ७,५०,०००।- | ७,५६,०००।- | ४९.८ |

CS CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | न्युनतम सेवा मापदण्ड (Minimum Service Standrd - MSS) सुधारका लागि स्वास्थ्य संस्था (प्रा.स्वा.के./हे.पो.) लाई ससर्त अनुदान | ३,००,०००।- | ३,००,०००।- | ० | १०० |
| ४ | कुल | ४३,०६,०००।- | ३५,५०,०००।- | ७,५६,०००।- | ८२.४ |

## ६.प्रमुख उपलब्धिहरु :

- पूर्ण खोप सुनिश्चितता पालिका घोषणा भएको ।
- कोभिड १९ बिरुद्धको खोप अभियान संचालन भएको ।
- सबै स्वास्थ्य संस्थाहरुमा पोषण कर्नरको स्थापना ।
- चुचुरे,ठोसे,नामाडी र बेताली स्वास्थ्य चौकीहरुलाई किशोर किशारी मैत्री संस्था घोषणा ।
- बेताली स्वास्थ्य चौकीमा सुत्केरी **waiting home** को स्थापना ।

## ७. समन्वय र सहकार्य :

- स्वास्थ्य कार्यालय रामेछाप ।
- ग्रिनतारा नेपाल ।
- बिधालय ।
- वडा तथा पालिका ।
- क्लव आदि ।

## ८.समस्या तथा चुनौतीहरु :

- केहि स्वास्थ्य संस्थाहरुको मापदण्ड अनुसारको भवन नहुनु ।
- खोप क्लिनिक तथा गाउँघर क्लिनिक सेवा प्रवाहको लागि टहरा नभएको ।
- DHIS र ELMIS को ट्रेनिंग नलिएको कर्मचारी।
- IMNCI कार्यक्रममा रु.५,००,०००।-
- पोषण कार्यक्रममा रु.१०,४०,०००।-
- मातृ तथा नवशिशु कार्यक्रममा रु.१०,६०,०००।-
- परिवार नियोजन किशोर किशारी तथा प्रजनन् स्वास्थ्य कार्यक्रममा रु.२,४०,०००।-
- नियमित खोप सुदृढीकरण,पूर्ण खोप सुनिश्चितता दीगोपना कार्यक्रममा रु.१,८२,०००।-
- आ.व.२०७९/०८० को बार्षिक समिक्षा कार्यक्रममा रु.१,१०,२००।-
- निशुल्क औषधि बितरणको लागि खरिद रु.५०,०००,००।-
- शाखामा राम्रो LAPTOP को कमी।
- EMERGENCY DRUGS हरुको समय-समयमा आपूर्ति हुनु ।

CamScanner

## ९.समस्या समाधानका लागि गरिएका प्रयासहरु

- भवनको लागि माथिल्लो निकायमा पहल भएको ।
- टहरा निर्माण तथा फर्निचर व्यवस्थापनको लागि कार्यपालिकामा पहल भएको ।
- **DHIS र ELMIS को TRAINING प्रदान गर्ने**
- LAPTOP को लागि कार्यपालिकामा पहल भएको
-

## १०.सुझावहरु

- स्वास्थ्य संस्थाहरुको समयमै अनुगमन गरि आवश्यक औजार उपकरणको व्यवस्था हुनुपर्ने ।
- स्वास्थ्य संस्थाहरुलाई चालु खर्चको व्यवस्था हुनुपर्ने ।
- **निउनतम सेवा मापदण्ड अनुसारको भवन हुनुपर्ने**
-
-

## ११.आगामी महिनाको कार्ययोजना

- प्रत्येक वडामा बृहत स्वास्थ्य शिविर संचालन गर्ने ।
- मुख्यमन्त्री जनता स्वास्थ्य परिक्षण कार्यक्रमलाई प्रभावकारी रुपमा लैजाने ।
- स्वास्थ्य संस्थाहरुमा ईमरजेन्सी बिरामीको भाईटल साईन हेर्न मोनिटरको व्यवस्था गर्ने ।
- अस्पतालमा स्वास्थ्य बिमा सेवा सुचारु गर्ने ।
- **Door to Door primary health screening program with software .**

## १२.सफलताका कथाहरु

CS CamScanner

शाखाको नाम : नागरिक आरोग्य सेवा केन्द्र गोकुलगंगा गा.पा.

अवधि :

१.परिचय :यस गोकुलगंगा गा.पा मा स्थापित गरिएको नागरिक आरोग्य सेवा केन्द्रमा हामि ३ जना कर्मचारी जसमा १ जना कविराज र २ जना अभ्यङ्गकर्ता छौ । यहा विभिन्न सर्ने तथा नसर्ने रोगको सामान्य उपचार तथा रोकथाम पनि गरिन्छ साथै पञ्चकर्म अन्तरगत पर्ने (स्वेदन,मालिस) आदि विधि बाट पनि उपचार सेवा प्रदान गरिन्छ ।

२.उद्धेश्य:

- "मेरो स्वास्थ्य मेरो जिम्मेवारी"भन्ने नारालाई सार्थक बनाउने ।
- सामुहिक रुपमा योग (आसन,प्राणायम ,प्रणाय,धमान )क्एवम सकारात्मक जिवनशैली सम्वन्धि प्रशिक्षण दिने व्यवस्था मिलाउने ।
- स्थानिय जडिबुटि परिचय,प्रयोग रोपण एवम संरक्षण सम्बन्धि अभियानमुलक कार्यक्रम सञ्चालन गर्ने ।
- सरसफाई कार्य गर्ने,गराउने
- आयुर्वेदीय जीवनशैली एवम स्वस्थकर आहार सम्बन्धि जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने ।

३.अपेक्षित प्रतिफल :

- सर्ने तथा नसर्ने रोगको न्युनिकरणन हुनेछ ।
- प्रत्येक नागरिक स्वस्थ भई दिर्घायु हुनेछ ।
- नागरिकलाई शारीरिक मानसिक एवम आध्यात्मिक रुपमा स्वस्थ बनाई स्वास्थ सेवामा टेवा पुग्नेछ।
- सामाजिक मुल्य मान्यतामा आएको स्वखलनलाई रोक्न मद्धत गर्नेछ ।

४.सम्पादित क्रियाकलापहरु (सम्भव भएसम्म फोटो पनि राख्ने)

- बिरामीको रोगको चेक जाच जसमा (महिला ६८३ र पुरुष ८२६ गरि १५०९) जनालाई सेवा दिइएको
- नि:शुल्क औषधि वितरण जसमा (अविपतिकर चुर्ण ४५३,हिङ्ग्वाष्टक ७१,सितोपलादी ४१,पुष्यानुग ११८,बिल्वादि १८,माहानारायण तेल१२१,महासुदर्शन ५,चन्दानदी ५०,अश्वगन्धा ११६,त्रिफला१२१,दशमुल १००,योगराज ६९,कैशोर३८,टंकण ४,बालामृत ११,मृगमदासव१००, गन्धक १०,षडविन्दु २०,महाशंखवटी४०,दशमुल तेल२८ ,सतावरी५३) औषधिहरु वितरण गरियो ।
- पाइल्स फिसर,फिस्टुला जस्ता रोगको परिक्षण र परामर्श जसमा विभिन्न रोगह जस्तै ( jwar fever-21,swas vikar-23,swas (asthm)-112,kas-18,Amlapitta-

CamScanner

631,Atisar-9,Udaroga-78,Madhumeha-18,Hridaya roga-3,Uachharaktachap-42,Nyunaraktachap-7,Shotha-2,Mutrasmari-7,Mutrakrichhra-9,Mutraghat-9,Raktapradar-23,Swetapradar-7,Yoni roga-9,Arsa-32,Other-10,Ekkustha-2,Pama-18,Vyanga-28 ,Avabahuka-27,)जस्ता विभिन्न रोगको उपचार दिइएको

- बिरामीलाई योग (आसन,प्रणायसम) ध्यानको परामर्श दिनुको साथै सिकाएर गराएर सेवा दिइएको
- रगत र पिसाब जाच गरिएको
- पञ्चकर्म बिधिबाट उपचार गरिएको स्वेदन, मालिस
- टोल टोलमा VITAL sign लिइएको
- आहार बिहारको बारेमा खाने तरिकाका साथै चेतना वडा.वडामा शिभिर संचालन गरियो

५.क्रियाकलाप संचालनको लागि खर्च भएको बजेटको सारांश :१५०००००

- औषधि खरिद ६०,०००
- शिभिर संचालनमा २०,००० औषधि रहेको अवस्था

६.प्रमुख उपलब्धिहरु :

- बिरामीहरुको स्वास्थमा लाभका साथै सकारात्मक प्रतिकिया
- १५०० भन्दा माथि बिरामीको उपचार गरिएको
- बिभिन्न नसर्ने रोगको परिक्षण गरि सफल उपचार गरिएको
- नागरिकहरुले रोग रोकथामको लागि गर्ने क्रियाकलाप सिकेको
- आर्युवेदिय जिवन शैलीलाई बुझ्दै अपनाउन थालेको ,योग आसन गर्ने थालेको

७. समन्वय र सहकार्य :

- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मन्थली र गोकुल गंगा गा.पाको समन्वय र सहकार्यमा नागरिक आरोग्य सेवा केन्द्र चल्दै आएको छ ।

८.समस्या तथा चुनौतीहरु :

- कार्यक्रमको लागि स्रोत साधनको कमि भएको
- बिरामीलाई चाहिने जति सेवा सुविधा र औषधी प्रयाप्त नभएको
- पञ्चकर्म सेवामा वृधि हुने ठाउँमा जस्ताको त्यस्तै रहेको
- बजेट छुट्याए अनुसार काम हुदै नभएको
- कार्यलयलाई चाहिने सरसामानको पनि कमि पुर्ति नभएको
- गुणस्तरिय औषधिको कमि भएको

CamScanner

९.समस्या समाधानका लागि गरिएका प्रयासहरु

- समस्या बारे छलफल गरेर समस्या हल गर्ने सम्वन्धित व्यक्ति निकायलाई कुरा राख्दा पनि सुन्वाई नभएको
- कार्यलयको समस्या प्रति चासोको कमी

१०.सुझावहरु

- स्वस्थ्य स्वास्थ्यलाई हामी किन्न सक्दैनौं तर यो एउटा अत्यन्त मुल्यवान बचत खाता हुन सक्छ त्यसैले यस नागरिक आरोग्य केन्द्र प्रति सकारात्मक विचारको साथै समस्या तथा चुनौतीहरुलाई हल गर्ने सकारात्मक चासोको अनुरोध गर्दछौ ।

११.आगामी महिनाको कार्ययोजना

- शिविर
- योग शिविर
- जनचेतना कार्यक्रम
- पञ्चकर्ममा थप सुविधाको प्रयास

CamScanner

शाखाको नाम : मेड्पा कार्यक्रम

अवधि : ०७९ /८०

## १.परिचय :

गरिवि निवारणका लागि  लघु उद्यम विकास कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७ अनुसार यस गोकुलगंगा गाउपालिकामा कार्यक्रमलाई कार्यान्वयन गर्ने क्रममा गाउपालिकाको वडा नं १ र वडा नं २ गरि २ ओटा वडामा कार्यक्रमको लक्ष्य उद्धेश्य अनुसार स्थानिय समुदायको चाहाना तथा स्थानिय वजारको मागको आधारमा घरधुरी सर्वेक्षण फारम A र B भरि छनौट भएको सम्भाव्य उद्यमीहरुलाई समेटी विभिन्न कार्यक्रम सञ्चालन गरि फरक फरक उद्यम छनौट भई उद्यममा आधारित सिप विकास तालिमको माध्यमवाट गरिबीलाई न्युनिकरण गर्दै समृद्ध समाजको निर्माणमा सहयोग पुऱ्याउने उद्धेश्यको साथ यस कार्यक्रम अगाडि बढिरहेको छ । यस कार्यक्रम अर्न्तगत सामाजिक परिचालन, उद्यमशिलता बिकास, प्राबिधिक सिप बिकास तालिम, उपयुक्त प्रविधि हस्तान्तरण, साझा सुविधा केन्द्र स्थापना गर्न सहजीकरण, अध्ययन भ्रमण र बजारिकरणमा सहयोग जस्ता कामहरुमा पूर्ण सहजिकरण गर्ने काम गरिरहेको छ ।

## २.उद्धेश्य :

- गरिबीको रेखामुनि रहेको अति विपन्न वर्ग, महिला, दलित, आदिवासी/जनजाती र पिछडिएका समुदायलाई लघु उद्यमीको रुपमा स्थापित गरी उनीहरुको जीवनस्तर सुधार गर्ने ।
- रोजगारीका अवसरहरु सिर्जना गर्ने ।
- परम्परागत पेशागत क्षेत्रमा परिमार्जन, आधुनिकीकरण तथा विविधिकरण गर्दै स्थानीय स्रोतसाधन, प्रविधि र सीपको अधिकतम उपयोगलाई प्रोत्साहन गर्ने ।
- मुलुकको उद्यमशीलता विकासको आधारलाई मजबुत र फराकिलो बनाउँदै राष्ट्रिय अर्थतन्त्रको सुदृढीकरणमा योगदान पुऱ्याउने ।

## ३.अपेक्षित प्रतिफल :

- व्यवसाय स्थापना स्थापना हुने छ ।
- यस कार्यक्रमवाट ७५ जना सहभागिहरु प्रत्यक्ष रुपमा सहभागी हुनेछ  भने ४० जना उद्यमीहरुलाई स्तरोन्नतीका क्रियाकलापहरु गरिनेछ ।
- कार्यक्रममा आवद्ध सहभागीहरुले व्यवसाय विकासको वारेमा जानकारी पाउनेछन भने आफ्नो सुरुवात गर्नेछ ।
- तालिम पश्चात तालिममा प्रयोग भएका मेसिनरी सामग्रीहरु उद्यमीको २०%लागतमा साझेदारीमा हस्तानतरण गरिनेछ ।
- सहभागीहरुले उद्यमशिलता विकासको वारेमा जानकारी लिनेछ ।

४.सम्पादित क्रियाकलापहरु (सम्भव भएसम्म फोटो पनि राख्ने)

- वडा नं १ चुचुरे र वडा नं २ ठोसेमा मेड्पा कार्यक्रमको वारेमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको ।
- सहभागितामुलक ग्रामिण लेखाजोखा कार्यक्रम सञ्चालन गरिएको ।
- सम्भाव्य उद्यमीको लागि फारम A र B भरिएको ।
- सम्भाव्य उद्यमीहरुलाई समेटी ६ ओटा लघु उद्यमी समुह गठन गरिएको ।
- वडा नं १ , २ र ४ मा गरि ५ ओटा उद्यमशिलता विकास तालिम सञ्चालन गरिएको ।
- वडा नं १ चुचुरेमा वेमौसमी तरकारी खेति तालिम र व्यूटिपार्लर तालिम सम्पन्न गरिएको ।
- वडा नं २ ठोसेमा सिलाई कटाई तालिम र वेमौसमी तरकारि खेति तालिम सम्पन्न गरिएको ।
- वडा नं ४ वेतालीमा सिलाई कटाई तालिम सम्पन्न गरिएको ।
- वडा नं १ र २ मा लघु वित्त पहुँच र वजारिकरण सम्वनिध कार्यक्रम विभिन्न सहकारी तथा वजार प्रतिनिधि र उद्यमीहरुको उपस्थितिमा सम्पन्न गरिएको ।
- गत वर्ष तालिम लिएका उद्यमीहरुलाई स्तरोन्नती तर्फ वडा नं ६ फर्पुमा र वडा ४ वेतालीमा तरकारी खेती सम्वन्धि तालिम लिएका उद्यमीहरुलाई प्रविधि सहयोग गरिएको गरिएको ।
- विभिन्न व्यवसायमा आधारित तालिम लिएका उद्यमीहरुलाई प्रविधि हस्तानतरण कार्यक्रम सम्पन्न गरियो जसमा तरकारी खेतीको लागी टनेल,सिलाई कटाई व्यवसायको लागि सिलाई मेसिन र व्यूटिपार्लर व्यवसायको लागि कुर्चि तथा कपाल सिधा र कर्ली पार्ने मेसिन आदि ।

CamScanner






CamScanner

५.क्रियाकलाप संचालनको लागि खर्च भएको बजेटको सारांश :

| क्र स | विवरण | स्वीकृत बजेट | खर्च बजेट | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | सामाजिक परिचालन खर्च | ४७,६०० | ४७,६०० | १०० | संघिय शशर्त |
| २ | उद्यमशिलता विकास तालिम | २,१४,२०० | २,१४,२०० | १०० | संघिय शशर्त |
| ३ | प्राविधिक सिप विकास तालिम | ८,३३,००० | ८,०३,००० | ९६.३९ | संघिय शशर्त |
| ४ | प्रविधि हस्तानतरण | १०,५७,००० | १०४२,००० | ९८ | संघिय शशर्त र आन्तरिक श्रोत |
| ५ | लघुकर्जा तथा वजारिकरणमा सहयोग | १,४२,८०० | १,४२,८०० | १०० | संघिय शशर्त |
| ६ | उद्यमीहरुको स्तरोन्नती | ४,८०,००० | ४,८०,००० | १०० | संघिय शशर्त |
| ७ | उद्यमीहरुलाई सिलाई कटाई तालिम | ५,००,००० | ४,२८,१९० | ८६ | आन्तरिक श्रोत |
| | | ३२,७४,६०० | ३१,५७,७९०। | ९६ | |

६.प्रमुख उपलब्धिहरु :

- उद्यमशिलता विकासको वारेमा जानकारी पाएका छन् ।
- यस कार्यक्रमवाट ९८ जना सहभागिहरुल प्रत्यक्ष रुपमा सहभागी भएका छन भने ४० जना उद्यमीहरुले स्तरोन्नतीका कार्यक्रमवाट सहयोग पाएका छन् जसलाई तालिका मार्फत प्रस्तुत गरिएको छ ।

| क्र स | तलिमको नाम | सहभागी संख्या |
|---|---|---|
| १ | तरकारी खेती तालिम | ५२ |
| २ | व्युटिपार्लर | १५ जना |
| ३ | सिलाई कटाई | १४ जना |
| ४ | सिलाई कटाई (वेताली) | १७ जना |
| | **स्तारोन्नती तर्फ** | |
| १ | तरकारी खेती प्रविधि हस्तानतरण | ४२ जना |
| २ | ढाका समुहलाई प्रविधि हस्तानतरण | ८ जना |

- कार्यक्रममा आवद्ध सहभागीहरुले व्यवसाय विकासको वारेमा जानकारी पाएका छन् ।
- तालिम पश्चात तालिममा प्रयोग भएका मेसिनरी सामग्रीहरु उद्यमीको २०%लागतमा साझेदारीमा हस्तानतरण गरियो ।
- व्यवसाय छनौट गरि तालिम पश्चात सहभागीहरुले व्यवसाय गर्न सुरुवात गरेको छ ।
- सहभागिहरुले व्यवसायिक योजनाको वारेका जानकारी पाएका छन् ।

CamScanner

**७. समन्वय र सहकार्य :**

- गाउँपालिकाको कार्यलय
- उद्यम विकास समिति
- वडा कार्यलयहरु १,२,४ र ६
- सेवा प्रदायक संस्था ग्रमिण विकास सेवा प्रदायक संस्था
- विभिन्न सहकारी तथा लघु वित्तिय सस्था
- विभिन्न दलका प्रतिनिधि,स्वास्थ्य स्वयम सेविका,बुद्धिजिवि वर्ग,दलित, महिला,जनजाति,युवा र अन्य वर्गहरु

**८.समस्या तथा चुनौतीहरु :**

- भौगोलिक विकटताको कारण समयमा दक्ष प्रशिक्षक उपलब्ध नहुँदा मेड्पा मोडेल अनुसार सीप विकास तालिम सञ्चालनमा असहज भएको ।
- सहभागीहरु भत्ता मुखी हुदाँ सहभागीमा निरन्तरता नहुनु ।
- लक्षित वर्गको माग तथा श्रोत परिचालनमा कठिनाई आउनु ।
- कार्यक्रम कार्यान्वयन गर्ने समय खेती पातिको गर्ने समय भएको हुदाँ लक्षित वर्गले समय दिन नसक्नु ।
- वर्षा यामको समयले गर्दा ग्रामिण भेगमा यातायात नभएको कारण प्रविधि ढुवानीमा कठिनाई आउनु ।
- वार्षिक रुपमा सेवा प्रदायक संस्था छनौट गरिरहदाँ उद्यमीहरु अन्यौल हुनु ।
- सेवा प्रदायक सस्था छनौट प्रक्रिया लामो हुदाँ कार्यक्रम सञ्चालनमा ढिलाई हुनु ।
- छोटो समयमा लघु उद्यमी सृजना गर्नु पर्ने हुदाँ उदमीहरुको गुणस्तरमा कमी आउनु ।

**९.समस्या समाधानका लागि गरिएका प्रयासहरु**

- खेती पातिको समय भएतापनि उद्यमीहरुको समय अनुकुल मिलाएर कार्यक्रम सञ्चालन गरिएको ।
- यातायातको विकल्पमा अन्य कामदार लगाई मेसिन औजार ढुवानी गरिएको ।

**१०.सुझावहरु**

-
-
-
-

**११.आगामी महिनाको कार्ययोजना**

CamScanner

- नयाँ उद्यम विकास समिति गठन गर्ने ।
- आगमी आ व को लागी वडा छनौट गर्ने ।
- कार्यक्रमलाई अगाडी वढाउन समन्वय सहकार्य गर्ने

## १२.सफलताका कथाहरु

तयार गर्ने

गिता गुरुङ

उद्यम विकास सहजकर्ता

मेइपा भाग्या

शाखाको नाम : पशुपन्छी तथा मत्स्य विकास शाखा
अवधि : २०७९/०८०

१.परिचय : गोकुलगंगा गाउँपालिकामा ३ जना स्थायी र ५ जना करारमा कार्यरत रहेको र यस गाउँपालिका भित्र भेडा,बाखा,गाई,गोरु,चौरी गाई,लोकल कुखुरा,लेर्यस कुखुरा ,ब्रोईलर कुखुरा , ट्राउट माछा र अन्य पशुपन्छी तथा माछाहरु कृषकहरुले पालन गरिहेको छ ।

२.उद्धेश्य :

- भेडा/बाखाहरुमा पि.पि.आर रोग न्यूनिकरण गर्न ।
- गाई,गोरु/भैसीहरुमा महामारी रुपमा फैलिएको लम्पीस्किन रोगको न्यूनिकरण गर्ने ।
- बाखा पकेट विस्तार र माछा मिसन विस्तार गदै लैजाने ।
- गाई, गोरु,भैसी, बाखा र भेडाहरुको लागि घाँस र पोषणमा आत्मानिर्भर बनाउँने ।
- पशुपन्छीहरुमा लाग्ने माहामारी रोगहरु रोकथाम गरी पशुपन्छीहरुमा मृत्यु दर घटाउँने ।

३.अपेक्षित प्रतिफल :

- जम्मा ११०० भेडा/बाख्रामा पि.पि.आर रोगको खोप संचालन गरीएको ।
- पशुपन्छीहरुमा महामारी रुपमा फैलिएको लम्पीस्किन रोग नियन्त्रण हुदै गएको
- बाखा पकेट विस्तारको लागि रु. ७ लाख र माछा मिसन विस्तारको लागि रु. २० लाख ५० हजार अनुदान वितरण भएको ।
- कृषकहरुले आ-आफ्नो खेतबारीमा जैं घाँस उत्पादन भएको
- पशु आहारामा सुधार हुदै गएको ।
- जैं घाँसको विउ उत्पादन तथा विक्री वितरण भएको ।

४.सम्पादित क्रियाकलापहरु (सम्भव भएसम्म फोटो पनि राख्ने)

